# स्थानीय राजपत्र

## बेसीशहर नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ५, संख्या ४, माघ १३ गते, २०७९ साल**


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग १

## बेसीशहर तथ्याङ्क तथा अभिलेख संकलन ऐन, २०७९

**प्रस्तावना :** स्थानीय तथ्याङ्क नीति निर्माण, संकलन, पञ्जीकरण व्यवस्थापन, पारिवारिक लगत, सूचना तथा संचार, प्राविधिक तथा आधारभूत तथ्याङ्कको संकलन र व्यवस्थापन तथा अभिलेखीकरण गर्नको लागि नेपालको संविधानको धारा, ५७ को उपधारा ४, धारा २२१, धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी बेसीशहर नगरपालिका भित्रका तथ्यांक तथा अभिलेख संकलन गर्न बाञ्छनीय भएकोले, बेसीशहर नगर सभाबाट यो ऐन बनाई जारी गरिएकोछ ।

### परिच्छेद–१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"बेसीशहर तथ्याङ्क तथा अभिलेख संकलन ऐन २०७९"** रहेको छ ।

२) यो ऐन नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा** : यस ऐनमा विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा;

क) **"अभिलेख"** भन्नाले  नगरपालिकाले कानून बमोजिम अभिलेख राख्नु पर्ने विषयलाई बुझाउने छ ।

ख) **"तथ्याङ्क"** भन्नाले नगरपालिकाले विभिन्न विषयमा संकलन गरेको विवरणको अभिलेखलाई बुझाउने छ ।

ग) **"घट्ना दर्ता"** भन्नाले जन्म, विवाह, बसाई सराई, मृत्यु, सम्बन्ध विच्छेद जस्ता घट्ना दर्ता गरी नगरपालिकामा राखिएको तथ्याङ्क लाई सम्झाउने छ ।

घ) **"सम्बन्ध विच्छेद**" भन्नाले श्रीमान् श्रीमती विचको नाता सम्बन्ध टुटाई अलग अलग बस्ने गरी अदालतबाट भएको फैशला वा मिलापत्रबाट भएको लिखित दस्तावेजलाई सम्झनु पर्दछ ।

ङ) **"गैर नागरिक"** भन्नाले नगर क्षेत्र भित्र बसोवास गरेका तर नेपालको नागरिकता प्राप्त नगरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

च) **"आपूर्ति"**भन्नाले नगरवासीलाई दैनिक जीवनमा आवश्यक पर्ने चिज वस्तु उपलब्ध गराउने कामलाई बुझाउने छ ।

छ) **"सूचना"** भन्नाले नागरिकले कानूनले थाहा पाउनु पर्ने सूचनाहरुलाई बुझाउनेछ ।

## परिच्छेद–२
## घट्ना दर्ता सम्बन्धी व्यवस्था

**३. अभिलेख तथा तथ्याङ्कका विषयहरु** : १) नगरपालिका क्षेत्र भित्रका घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद), नगर प्रोफायल, सामाजिक संस्था, वित्तीय संस्था, जनसंख्या,बसोवास, भू उपयोगको अवस्था, शिक्षा, स्वास्थ्य, कृषि तथा पशु उत्पादन जस्ता विषयहरु तथ्यांक तथा अभिलेखमा समावेश गरिनेछ ।

२) जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना दर्ता प्रकृया संघीय कानून बमोजिम हुनेछ । संघीय कानून बमोजिम काम गर्न नगरपालिकाले घटना दर्ता अधिकारी तोक्नेछ । घटना दर्ता अधिकारीको योग्यता क्षमता प्रदेश सेवा आयोग र स्थानीय सेवा व्यवस्था ऐनले तोकेको मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

**४. घटना दर्ता  अभिलेख व्यवस्थापन** : १) दर्ता भएका घटनाहरुको तथ्याङ्कहरु तथा अभिलेखहरु सुरक्षित पूर्वक राख्नु पर्नेछ । यसका अभिलेख

विद्युतीय उपकरण, हस्त लिखित वा अन्य विभिन्न प्रविधिको प्रयोग गरी अधिकारीले राख्नु पर्नेछ ।

२) नगरपालिका क्षेत्र भित्रका घटना दर्ता, घटना दर्ता अधिकारी वा निजले तोकेको अधिकारीले गर्नेछ ।

३) दफा ३ को उपदफा २ अनुरुपका घटना ३५ दिन भित्र निःशुल्क दर्ता गर्नु पर्नेछ । यदि ३५ दिन कटाएर दर्ता गर्न आएको छ भने तोकिए बमोजिमको जरिवाना लिई दर्ता गर्न सक्नेछ ।

४) घटना दर्ता गर्न आउने व्यक्तिले तोकिएको ढाँचा बमोजिम आवेदन दिनुपर्ने छ ।

५) घटना दर्ता गर्न आउने सेवा ग्राहीले आफ्नो प्रमाण साथै लिएर आउनु पर्ने छ ।

**५. जन्म दर्ताको हकमा** : १) यदि अस्पतालको हाता भित्र जन्म भएको भए अस्पतालको प्रमाण पत्र ।

२) आमा, बाबुको नागरिकताको प्रतिलिपि ।

३) जनसंख्या कार्ड वा स्थाई बसोवासको प्रमाण ।

४) गैर नागरिकको जन्म दर्ता : वालवालिकाका आमा, बुवा नेपालका नागरिक रहेनछन् तर नगरपालिकामा वसोवास रहेछन् भने बसोवासका आधारमा गैर नागरिक भनी जन्म दर्ता गरिनेछ ।

५) बाबु पत्ता नलागेको, आमा नागरिक वा गैर नागरिक रहेछिन् भने आमालाई सूचक बनाई जन्म दर्ता गर्न सकिनेछ । तर आमा गैह्र नागरिक भए सो कुरा खुलाई दर्ता गर्नु पर्नेछ ।

६) बेवारिसे बच्चाको जन्म दर्ता : आमा बावु पत्ता नलागेमा संरक्षक वा सम्बन्धित जन प्रतिनिधिले जन्म दर्ता गर्न सकिने छ । तर वालक कस्को संरक्षकत्वमा रहेका छन् भन्ने कुरा खुलाउनु पर्ने छ ।

**६. विवाह दर्ता** : १) कानूनले विवाह गर्न योग्य नागरिक वा गैर नागरिकले आफै सूचक भएर तोकिएको विवरणको फारम भरी आवेदन गर्नु पर्नेछ ।

२) दफा ६ को उपदफा १ बमोजिम पेश हुन आएको विवरणात्मक फारम माथि अधिकार प्राप्त अधिकारीले छानबिन गरी विबाह प्रमाण पत्र दिनेछन् । विबाह प्रमाण पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

**७. बसाई सराई** : १) बसाई सराई आउने व्यक्तिले सम्बन्धित गाँउ तथा नगरपालिकाबाट प्रष्ट विवरण सहित खोलिएको प्रमाण पेश गर्नु पर्दछ ।

२) दफा ७ को उपदफा १ बमोजिम बसाई सरी आउने व्यक्तिले देहाय बमोजिमको कागजात पेश गर्नु पर्दछ :

क) जग्गा जमिन भए सो को प्रतिलिपि,

ख) आफ्नै घर भए घर नक्सा पास प्रमाण र सम्पत्ति कर तिरेको प्रमाण,

ग) घर जग्गा केही नभए कसको घरमा बसोबास छ सो घर धनीको नाम पेश गर्ने,

घ) ऐलानि प्रति जमिनमा बसोबास गरेको भए सर्जमिन मुचुल्का ।

**८. सम्बन्ध विच्छेद** :१) श्रीमान, श्रीमती आपसमा बस्न नचाहेमा कानून बमोजिम सम्बन्धित अदालतबाट सम्बन्ध विच्छेद गर्न सक्ने छन् ।

२) अदालतको फैसलाको आधारमा गरिएको सम्बन्ध विच्छेदको विवरण नगरपालिकाले राख्ने छ ।

३) सम्बन्ध विच्छेद भएको श्रीमान श्रीमतीको जनसंख्या कार्डबाट नाम अलग गरी विवाहको अभिलेख बद्धर गरिनेछ ।

४) सम्बन्ध विच्छेद गरेका श्रीमान श्रीमतीको कानून बमोजिम पु:न विवाह भएमा पु:न विवाह भएको प्रमाणको आधारमा विवाह दर्ता गर्न सकिनेछ ।

**९. मृत्यु दर्ता** :१) नगरपालिका भित्र बसोबास गर्ने कूनै पनि नागरिकको मृत्यु भएमा नजिकको नातेदारको सूचकका आधारमा नगरपालिकाले मृत्यु दर्ता गरी दिनेछ ।

२) मृतकको छोरा, छोरी, श्रीमती अलग अलग बसेका रहेछन् भने मृतक बसेकै गाँउ तथा नगरपालिकाबाट मृत्यु दर्ता हुनेछ ।

**१०. अभिलेख विग्रिएको अवस्था** : कुनै पनि घटनाको अभिलेख भुलबस फरक पर्न गएको रहेछ भने प्रमाण जाँच गरी प्रमुख प्रशासकीय अधिकृतले घटनाको अभिलेख सच्चाई दिन सक्ने छन् तर मृत्यु दर्ता प्रमाण पत्र सच्याउन सकिने छैन । अभिलेख सच्चाउन आउदा तोकिए बमोजिम प्रमाण पेश गर्नुपर्नेछ ।

१२. **प्रतिलिपिको व्यवस्था** : नगरपालिकामा दर्ता भएका घटनाको प्रतिलिपि सम्बन्धित व्यक्तिले माग गरेमा नगरपालिकाले तोकिए बमोजिमको शुल्क उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद–३
## नगर प्रोफायल र अद्यावधी

१३. **नगरप्रोफायल** : १) नगरपालिकाले आफूलाई आवश्यक पर्ने विषयको तथ्याङ्क संकलन गरी नगर प्रोफायल निर्माण गर्न सक्नेछ । नगरपालिकाले प्रोफायलमा समेट्ने विषयहरु आफै निर्धारण गर्न सक्ने छ ।

२) नगर प्रोफायलले समेटेका विषयका आधारमा नगरपालिकाले योजना निर्माण गर्नेछ ।

३) नगरपालिकाले तयार गरेको प्रोफायलको उपयोगिता नगरपालिकाले गर्नेछ । सरकारी, गैर सरकारी संस्थाले सो प्रोफायलको प्रयोग गर्न चाहेमा नगरपालिकाको नीति अनुरुप उपयोग गर्न सक्नेछ ।

४) नगरपालिकाको आवश्यकता अनुसार नगर प्रोफायलको अद्यावधी गर्न सक्नेछ । सो अद्यावधीको प्रकृया नगरपालिकाले तोके बमोजिमको हुनेछ ।

## परिच्छेद–४
## भु उपयोगीताको नीति र व्यवस्था

१४. **भु उपयोगिताको नीति र अभिलेख व्यवस्था** : १) संघ तथा प्रदेशको कानून बमोजिम नगरपालिकाले भु उपयोग नीति लागू गर्नेछ । भू उपयोग प्रस्ताव तयार गर्दा देहायका विषयमा ध्यान दिईनेछ ।

क) बसोवास क्षेत्र/पर्यटकिय क्षेत्र

ख) व्यापारिक र आवास क्षेत्र

ग) औधोगिक क्षेत्र

घ) सार्वजनिक उपयोगको क्षेत्र

ङ) वन क्षेत्र

च) जलसाय, सिमसार क्षेत्र

२) उपरोक्त क्षेत्रको नक्सा नगरपालिकाले नापी शाखा मार्फत निर्माण गरी सुरक्षित राख्नेछ ।

३) सामान्यतया भू उपयोग परिवर्तन हुने छैन तर नगर र राष्ट्रिय आवश्यकताका आधारमब संघको स्वीकृतिमा भू उपयोगितामा भू उपयोग क्षेत्र परिवर्तन गर्न वाधा पर्नेछैन ।

## परिच्छेद–५
## जनगणना तथा आपूर्ति व्यवस्था

**१५. जनगणना र बसोवास** : १) संघीय कानून बमोजिम प्रत्येक १०/१० वर्षमा जनगणना हुने छ । जनगणना गर्न नगरपालिकाले संघीय सरकारलाई सहयोग गर्नुपर्नेछ ।

२) स्थानीय तहले आफ्नो आवश्यकता अनुसार जुन सुकै वेला जन गणना गर्न सक्नेछ । गणना गर्ने प्रकृया नगरपालिकाले तोक्न सक्ने छ । जनगणना गर्दा नगरपालिकाले पारिवारिक लागत समेत लिन सक्ने छ ।

३) जनगणनाको तथ्यांक र अभिलेख नगरपालिकाले तोकेको ढाँचामा सुरक्षित सँग राख्नेछ । आवश्यकता अनुसार  अभिलेख अद्यावधि गर्न सकिनेछ । जनगणना गर्दा  बसोवासको सघनता र बसोवासको चरित्रको समेत विश्लेषण गरिने छ ।

**१६. आपूर्ति व्यवस्था** : १) नगरपालिका क्षेत्र भित्र पर्ने सवै वस्तुको आपूर्ति नगरपालिकाले मिलाउनेछ । आपूर्ति व्यवस्थाको लागि संघ र प्रदेश सरकारसंग समन्वय गर्नुपर्नेछ ।

२) नगरपालिकाले नगरपालिका क्षेत्र भित्र के के आपूर्ति गर्नु पर्ने हो, आ.व. समाप्त हुनु अगावै सूची बनाउनु पर्दछ र सोको आधारमा आपूर्ति व्यवस्था कसरी गर्ने भनी योजना बनाउनु पर्नेछ । नगरपालिकाले उपयोग वस्तुको आपूर्ति गर्दा गुणस्तरतालाई ख्याल गर्नु पर्नेछ ।

## परिच्छेद–६
## सूचना, संचार, अभिलेख र अभिलेख  व्यवस्था

**१७. सूचना अधिकृत तोक्ने** :  नगरपालिकाले सूचना अधिकृत तोकी सूचनाको जिम्मा दिन सक्ने छ । सूचना अधिकृतको TOR तोकिए बमोजिम हुनेछ ।

**१८. सूचना सम्प्रेषण** : नगरपालिकाले  नगरबासीलाई  सूचनाको हकबाट बञ्चित गर्ने छैन । नागरिकलाई आवश्यक पर्ने सूचना नगरपालिकाले

उपलब्ध गराउनेछ । सूचना उपलब्ध गराउने विधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१९. **सूचना दिन बाध्य नहुने** : प्रचलित कानूनले गोप्य राख्नु पर्ने वा नगरपालिकाले गोप्य राख्नु पर्ने भनी निर्णय गरेका विषयहरु बाहेक अन्य विषयमा सूचना दिन सकिने छ । तर कसैको व्यक्तिगत वा निजी मामला सम्बन्धीका सूचनाहरु सम्बन्धित व्यक्ति बाहेक कसैलाई दिइने छैन । तर सरकारी अड्डा अदालतले मागेको सूचना दिन बाधा पर्नेछैन ।

२०. **संस्थागत रुपमा सूचना उपलब्ध गराईने** : संघ, प्रदेशलाई नगरपालिकामा भएका सूचना माग अनुरुप जुनसुकै समयमा उपलब्ध गराइनेछ । संघ, प्रदेश ,जिल्ला समन्वय समिति , नगरपालिका र गाँउपालिकाहरुले माग गरेका सूचना उपलब्ध गराउँदा कुनै शुल्क लाग्ने छैन तर अन्य व्यक्ति संस्थाहरुले नगरपालिका सँग तथ्याङ्क सम्बन्धी सूचना उपलब्ध गराउँदा तोकिए बमोजिम शुल्क लिन सकिने ।

## परिच्छेद–७
## विविध

२१. **तथ्याङ्क अभिलेख राख्ने** : १) नगरपालिकाले देहाय बमोजिमका तथ्याङ्क र अभिलेख राख्नु पर्दछ :

क) जनसंख्या पारिवारिक लगत

ख) घरधुरी विवरण सहित बसोवास

ग) घट्ना दर्ता सम्बन्धी विवरण

घ) वन, वातावरण, सिमसार क्षेत्र र नदी

ङ) जग्गा जमिन, भू-उपयोग पाश्र्वचित्र

च) वित्तीय कारोवार, वित्तीय संस्था

छ) सडक, सामाजिक, धार्मिक संस्था

ज) विद्यालय/ महा विद्यालय

झ) व्यापार, उद्योग, कलकारखाना

ञ) मानव संसाधनको अवस्था, उत्प्रेरक, ट्रेनर, ईन्जिनियर, डाक्टर, वकिल, पत्रकार, प्राध्यापक, शिक्षक

ट) श्रमिक, ठेकेदार, निर्माण व्यवसायी

ठ) सामाजिक व्यक्तित्व

ड) धार्मिक गुरु, पुरोहित, पण्डित (सवै धर्मको)

ढ) तन्त्र मन्त्रका साधक

ण) खगोल विधा, साईनटिष्ट

त) शैक्षिक संस्था

थ) शैक्षिक वेरोजगार

द) अभियान कर्ता, सङ्गीतकार, साहित्यकार, भाषा विज्ञ ,

२) उल्लेखित व्यवस्था बाहेक अन्य काम गर्नु परे नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

२२. **वाधा अड्काउ :** यो ऐन कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा प्रचलित कानून बमोजिम नगर कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

**२३. यो ऐनमा उल्लेख भएको कुरा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ ।**

**२४. यो ऐन कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ ।**

**२५. ऐन संशोधन र खारेजी : यस ऐन आवश्यकता अनुसार संशोधन र खारेजी नगरसभाले गर्न सक्नेछ ।**

**आज्ञाले,**
**इमनाथ कडेल**
**प्रमुख प्रशासकीय अधिकृत**